नेपाल सरकार

# गृह मन्त्रालय

आर्थिक प्रशासन

दर्ता नं.:- ९३९४
मिति:- ०७३।८।१४
कारागार व्यवस्थापन विभाग

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७३।०७४
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २२९

मिति :-०७३।६।१२

विषय आ.व. २०७३।०७४ को बेरुजु फछर्यौट कार्ययोजना(लक्ष्य) पठाएको वारे ।

श्री प्रहरी प्रधान कार्यालय,नक्साल ।
श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय,हल्चोक ।
श्री राष्ट्रिय अनुसन्धान विभाग,सिंहदरवार ।
श्री कारागार व्यवस्थापन विभाग ,कालिकास्थान ।
श्री अध्यागमन विभाग,कालिकास्थान ।
श्री राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र,सिंहदरवार ।
श्री प्रहरी किताबखाना,लैनचौर ।
श्री समरजंङ्ग कम्पनी कार्यालय,भोटाहिटी ।
श्री जुद्ध वारुण यन्त्र कार्यालय,भक्तपुर ।
श्री लागु औषध नियन्त्रण कार्यक्रम,विजुलीवजार ।

प्रस्तुत विषयमा बेरुजु फछर्यौट मूल्याङ्कन र अनुगमन समितिको प.सं २०७३।७४ च.नं २७ मिति २०७३।५।२१ को पत्रानुसार "नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा मिति २०७३।४।१६ गते बसेको बेरुजु फछर्यौट मूल्याङ्कन र अनुगमन समितिको वैठकमा चालु आ.व.मा बेरुजु फछर्यौट गर्नु पर्ने लक्ष्य निर्धारण सम्वन्धमा छलफल हुंदा आ.व. २०७२।७३ मा भएको व्यवस्थालाई नै निरन्तरता दिने निर्णय भयो । तदनुसार चालु आ.व. २०७३।७४ को बेरुजु फछर्यौट कार्ययोजना पारित गरी फछर्यौटलाई उच्च प्राथमिकता दिने निर्णय भए अनुरुप उक्त कार्ययोजना यसै साथ संलग्न गरी पठाएको छु । समितिको अपेक्षा अनुसार प्रभावकारी रुपमा बेरुजु फछर्यौट गरी तोके बमोजिम लक्ष्य हासिल गर्ने व्यवस्थाको लागि अनुरोध गर्दछु" भनि लेखि आएको हुंदा सोही अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

रुद्र प्रसाद लामिछाने
उप सचिव(लेखा)

# बेरुजु फछ्र्योट मूल्यांकन र अनुगमन समिति

आर्थिक बर्ष २०७३/०७४ को बेरुजु फछ्र्योट कार्ययोजना

आर्थिक कार्य विधि ऐन, २०५५ अनसार बेरुजु भन्नाले - "प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहऱ्याईएको कारोबार सम्झनु पर्छ" भन्ने उल्लेख भएकोछ । तसर्थ आर्थिक कारोबार गर्दा विधि संमत तवरबाट खर्च हुन अपरिहार्य आवश्यकता देखिन्छ ।

बेरुजु बढ्दै जानु संगठनात्मक प्रभावकारिताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पिन उपयुक्त अवस्था होइन । बेरुजु बढ्दा सार्वजनिक स्रोत परिचालनमा दक्षता नआउनुका साथै विधिके पालना नहुने अवस्था समेत रहन्छ । प्रस्तुत परिप्रेक्ष्यमा समितिले बेरुजु न्यूनिकरणको साथै बेरुजु फछ्र्योटमा तीब्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु फछ्र्योटको कार्यलाई विगतको तुलनामा अझै सार्थक र परिणाममूलक बनाउन आ.ब. २०७३/७४ को निमित समेत बेरुजु फछ्र्योट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त बेरुजु कम श्रृजना गर्न कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा बढी बेरुजु हुन नहुने गरी लक्ष्य निर्धारण गरेकोछ । तदनुरुप बेरुजु फछ्र्योटको प्रगति हासिल हुन सके/नसकेको अनुगमन समेत गर्ने उद्देश्यले प्रत्येक निकायका लागि देहायका लक्ष्यहरु निर्धारण गरिएका छन:

१. <u>आ.ब. २०७३/७४ मा बेरुजु फछ्र्योट गर्ने र बेरुजु न्यून राख्नु पर्ने लक्ष्य:</u>

(१) बेरुजु फछ्र्योट गर्ने र बेरुजु कम कायम गराउने लक्ष्य राख्ने प्रयोजनको लागि मन्त्रालय, संवैधानिक, कार्यालय, सचिवालयलाई निम्न अनुसार (क), (ख) र (ग) गरी तीन वर्गमा विभाजन गरिएके छ ।

- ➢ अन्तरगत विभाग, आयोजना, कार्यालय भई पाँच अर्ब भन्दा बढी बेरुजु कायम भएका मन्त्रालय निकायहरु, जस्ले आफ्नो कार्यालयको बाहेक अन्तरगतका समेतको लेखा, लेखापरीक्षण, बेरुजु आदिको जवाफ देही हुनुपर्छ, त्यस्तालाई (क) वर्ग भनिएको छ ।
- ➢ अन्तरगत विभाग, आयोजना, कार्यालय भई पाँच अर्ब भन्दा कम बेरुजु कायम भएका मन्त्रालय निकायहरु, जस्ले आफ्नो कार्यालयको बाहेक अन्तरगतका समेतको लेखा, लेखापरीक्षण, बेरुजु आदिको जवाफ देही हुनुपर्छ, त्यस्तालाई (ख) वर्ग भनिएको छ ।
- ➢ केन्द्रमा एक कार्यालय मात्र भएको (अन्तरगत कुनै कार्यालय नभएको) मन्त्रालय निकायहरु जस्ले आफ्नो कार्यालयको मात्र लेखा राख्छ, लेखापरीक्षण गराउँछ, बेरुजु फछ्र्योट गर्छ, त्यस्तोलाई (ग) वर्ग भनिएको छ ।

(२) मन्त्रालय, संवैधानिक निकाय तथा कार्यालयहरुले शतप्रतिशतनै बेरुजु फछ्र्योट गरी लेखापरीक्षणबाट बेरुजु सुन्य कायम गराउनु पर्ने हो । तर पुराना बेरुजु पनि भएका र सवुद प्रमाणहरु जुटाउन केहि कठिनाई हुने भएकोले क्रमशः बेरुजु सुन्य बनाई लैजाने गरी लक्ष्य निर्धारण गर्ने गिरएको छ ।

२. <u>बेरुजु फछ्र्योटके लागि देहाय अनुसार छुट्टा छुट्टै लक्ष्य निर्धारण गरिएको छ:</u>

(१) शुरुदेखि आ.ब. २०५९/६० सम्मको पुरानो बेरुजु सम्बन्धमा

- ➢ असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारवाही गरी अन्तिम टुङ्गो लगाई फछ्र्योट गर्ने गराउने ।
- ➢ सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य बिषयमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त अधिकारीबाट बेरुजु फछ्र्योट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने ।

➢ चालु आर्थिक बर्षमा आ.ब.२०५९/६० सम्मको बेरुजु सुन्य बनाउनै पर्ने ।

३. बेरुजु असूल फछ्र्यौट अभियान बर्षको रुपमा संचालन गर्न लामो समय देखि कायम भई रहेको तर कहिले फछ्र्यौट हुनै नसक्ने बेरुजु हटउने प्रकृयामा लैजान त्यस्को लगत आवश्यक भएकोले आर्थिक बर्ष छुट्याई फछ्र्यौट हुनै नसक्ने कारण सहितको विवरण २ (दुई) महिना भित्र बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समितिमा अनिर्वायर रुपमा पठाउने ।

४.

(१) आ.ब. २०६०/६१ देखि २०७०/७१ सम्मको बेरुजु ८०% प्रतिशत भन्दा माथि फछ्र्यौट गर्न प्रयाश गर्ने । न्यूनत्तम ५०% प्रतिशत अनिर्वाय रुपमा फछ्र्यौट गर्नै पर्ने गरि तोकिएको छ ।

(२) आ.ब. २०७१/७२ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरुजुको लागि त्यस्ते बेरुजु फछ्र्यौट गर्ने सबुद, प्रमाण र काम गर्ने कर्मचारी सबै उपलब्ध हुने हुनाले सुन्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ । यस तर्फ सबै निकायले बिशेष ध्यान दिनु जरुरी छ ।

(३) कानून बमोजिम केन्द्रिय तहसिल कार्यालयमा पठाउनु पर्ने असूल उपर गर्नु पर्ने बेरुजुको विवरण मंसिर महिना भित्र पठाउने ।

(४) लेखापरीक्षण गराउन र बेरुजु फछ्र्यौटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्बन्धि सबै काम गर्न मन्त्रालयमा कम्तीमा सहसचिव स्तरको कर्मचारीको अध्यक्षतामा अन्तरगतका विभाग तथा समितिहरुको प्रतिनिधि समेत रहने गरी एक "लेखापरीक्षण सहयोग समिति" गठन गरी बार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने र मासिक रुपमा प्रगति समीक्षा गर्ने । समितिको कार्ययोजना बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

(५) लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटको लागि विभागीयस्तरमा पनि मातहत कार्यालयहरुको प्रतिनिधि समेत भएको "लेखापरीक्षण सहयोग समिति" बनाउने ।

(६) मन्त्रालय अन्तरगतका समितम, परिषद्, वोर्ड, अस्पताल आदि तर्फको बेरुजु फछ्र्यौट कार्य अत्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनतम लक्ष्य सम्म् पनि पुरा गर्न नसकेकोले कडाईका साथ फछ्र्यौट गर्ने गराउने ।

(७) बेरुजु फछ्र्यौट गर्ने कार्यलाई अभियानकै रुपमा अगाडि बढाउनु पर्ने भएकोले मन्त्रालयका सचिवको अध्यक्षतामा अन्तरगतका विभागिय प्रमुख, समित संघ संस्थाका प्रमुख र लेखा प्रमुखहरुको बैठक महिनामा एकपल्ट अनिवार्य रुपमा बसी बेरुज फछ्र्यौटके समीक्षा गर्ने ।

५. <u>आ.ब. २०७२/०७३ को श्रेस्ता लेखापरीक्षणबाट बेरुजु सुन्य/न्यून राख्नु पर्ने:</u>

(१) "क" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएको अंकको सुन्य बेरुजु कायम गर्ने गराउने । कारणवश सुन्य कायम गर्न गराउन नसकेमा ५% प्रतिशत भन्दा बढी कायम नगराउने ।

(२) "ख" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएको अंकको सुन्य बेरुजु कायम गर्ने गराउने । कारणवश सुन्य कायम गर्न गराउन नसकेमा ४% प्रतिशत भन्दा बढि कायम नगराउने ।

(३) "ग" वर्गका मन्त्रालय/निकायहरुले चालुबर्ष लेखापरीक्षण भएके अंकको सुन्य बेरुजु कायम गर्नु गराउनु पर्नेछ । कारणवश सुन्य कायम गराउन नसकिएमा १% प्रतिशत भन्दा बढी कायम नगराउने ।

(४) लेखापरीक्षणबाट बेरुजु कायम भई फछ्र्यौट, सम्परीक्षण गराउनु भन्दा बेरुजु नै कायम नहुने गरी आर्थिक कारोबार गर्ने गराउने तर्फ सबैले ध्यान दिने ।

(५) खर्चमा मितव्ययिता अपनाई आर्थिक अनुशासन कायम गर्न सबै मन्त्रालयहरुले अन्तरिक नियन्त्रण कार्य निर्देशिका बनाई ६ महिना भित्र लागु गर्ने । जस्ले बेरुजु न्यूनिकरणमा अवश्य सहयोग पुग्नेछ ।

(६) चालु बर्षको लेखापरीक्षणबाट उपरोक्त बमोजिम सुन्य वा कम बेरुजु कायम गराउने र तल उल्लेख भए अनुसार बेरुजु पनि फछ्र्यौट गर्ने मन्त्रालय/निकायहरुलाई मात्र धन्यवाद सहित नगद पुरस्कार प्रदान गरिनेछ ।

(७) लेखा परीक्षणबाट बढी बेरुजु अंक कायम गराउने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा अन्य निकायका प्रशासकीय प्रमुख र आर्थिक प्रशासन शाखाका प्रमुखलाई र सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरि कार्य सम्पादन मूल्यांकन गर्दा ध्यान दिने ।

(८) माथि उल्लेख गरिएको बेरुजु फछ्र्यौट भएको अंकलाई जोडी देहाय बमोजिम गणना गरिनेः

(क) अन्तरगत विभाग तथा कार्यालयहरु भएका "क" वर्गका मन्त्रालय तथा निकायहरुः-

- ८० प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ५० प्रतिशत देखि माथि ८० प्रतिशतसम्म - उत्कृष्ट
- ४० प्रतिशत देखि माथि ५० प्रतिशतसम्म - सामान्य
- ४० प्रतिशत भन्दा कम - न्यून

(ख) अन्तरगत विभाग तथा कार्यालयहरु भएका "ख" वर्गका मन्त्रालय तथा निकायहरुः-

- ८५ प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- **५५ प्रतिशत देखि माथि ८५ प्रतिशतसम्म** - उत्कृष्ट
- ४५ प्रतिशत देखि माथि ५५ प्रतिशतसम्म - सामान्य
- ४५ प्रतिशत भन्दा कम - न्यून

(ग) अन्तरगत विभाग तथा कार्यालयहरु नभएका "ग" वर्गका मन्त्रालय तथा निकायहरुः-

- ९० प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ७० प्रतिशत देखि माथि ९० प्रतिशतसम्म - उत्कृष्ट
- ५० प्रतिशत देखि माथि ७० प्रतिशतसम्म - सामान्य
- ५० प्रतिशत भन्दा कम - न्यून

➢ उपरोक्त लक्ष्यमा कम नहुने गरी बेरुजुको परिमाण हेरेर मन्त्रालयले आफ्नो लक्ष्य आफै निर्धारण गर्न सक्नेछ ।

➢ उपरोक्त वमोजिम सर्वोत्कृष्ट हुने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा अन्य केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई धन्यवाद सहित रु. १०,०००।- (दश हजार) प्रदान गरिनेछ । मन्त्रालय र अन्तरगत विभागमा बेरुजु फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी घटी/बढी रकम हुनेगरी बढीमा रु. ८,०००।- (आठ हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले नगद पुरस्कार मन्त्रालयले निर्णय गरी प्रदान गर्न सकिने छ ।

➢ उत्कृष्ट हुने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई धन्यवाद सहित रु. ८,०००।- (आठ हजार) प्रदान गरिनेछ । मन्त्रालय र

अन्तरगत विभागमा बेरुजु फछर्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी घटी/बढी रकम हुने गरी बढीमा रु. ६,०००।- (छ हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले मन्त्रालयले निर्णय गरी प्रदान गर्न सक्नेछ ।

- सामान्य हुने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा निकायहरुका प्रशासकीय प्रमुखको प्रयासको सराहना गरिनेछ ।
- न्यून बेरुजु फछर्यौट गर्ने मन्त्रालय, संवैधानिक निकाय, सचिवालय तथा अन्य निकायका प्रशासकिय प्रमुख र आर्थिक प्रशासन शाखाप्रमुख र सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरिनेछ र कार्यसम्पादन मूल्यांकन गर्दा बेरुजु फछर्यौटलाई पनि ध्यान दिन सबै मन्त्रालयका सचिवज्यूहरुलाई बेरुजु फछर्यौं मूल्यांकन र अनुगमन समितिका अध्यक्ष एवं नेपाल सरकारका मुख्यसचिवज्यूबाट स्पष्ट निर्देशन भएकोले सो समेतलाई ध्यान दिने ।
- उपरोक्त बमोजिमको पुरस्कार अन्तरगत विभाग तथा कार्यालय भएका मन्त्रालयहरुमा बढिमा ५ (पाँच) जना, विभागहरुमा बढिमा ५ (पाँच) जना र अन्तरगत विभाग तथा कार्यालय नभएका मन्त्रालय/निकायहरुमा बढीमा ३ (तीन) जना सम्मलाई मात्र पुरस्कृत गर्नु गराउनु पर्नेछ ।
- पुरस्कृत हुनके निमित्त चालु आ.ब.को लेखापरीक्षणबाट तोकिए बमोजिमको सिमा भित्र बेरुजु अंक कायम गरी लक्ष्य अनुसार बेरुजु फछर्यौट पनि गरेके हुनु पर्दछ ।
- बेरुजु सुन्य गर्न लेखापरीक्षणको समयमा विशेष ध्यान पुर्याउनु जरुरी छ ।

(९) विभागहरुले पनि उपरोक्त अनुसार नै लक्ष्य पुरा गर्नु पर्दछ । केन्द्रियस्तरका ठूला आयोजनाहरुलाई पनि उपरोक्त अनुसार नै लक्ष्य तोकिएकोछ ।

(१०) विश्वविद्यालय, समिति, परिषद, वोर्ड, अस्पताल लगायत (पहिलेको म.ले.प.को बार्षिक प्रतिवेदन भाग-३) लाई पनि उपरोक्त वमोजिम नै लक्ष्य निर्धारण गरिएकोछ ।

६. <u>जिल्ला स्थित कार्यालय तथा आयोजनाहरु सम्बन्धमा:</u>

(१) लेखापरीक्षणको समयमा कार्यालय प्रमुख र लेखाप्रमुख अनिवार्य उपस्थित भई सबुद प्रमाणहरु यथासमयमै पेश गरी बेरुजु सुन्य कायम गर्न प्रयाश गर्ने ।

(२) महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण डोर समक्ष गतविगत बर्षका बेरुजुहरुको सबुद प्रमाणहरु पत्रसाथ पेश गरी लेखापरीक्षण स्थलमै सतप्रतिशत बेरुजु सम्परीक्षण गराउने ।

(३) चालु आ.ब. को लेखापरीक्षणबाट लेखापरीक्षण भएको अंकको सुन्य बेरुजु कायम गर्नु गराउनु पर्दछ । कारणवंश सुन्य कायम गराउन नसकेमा ४% प्रतिशत भन्दा बढी कायम नगराउने ।

(४) बेरुजु भनेको सतप्रतिशत नै फछर्यौट गर्नु पर्ने हुन्छ । तसर्थ सतप्रतिशतनै बेरुजु फछर्यौट गर्न प्रयास गर्ने । कथंकदाचित प्रयास गर्दा पनि फछर्यौट भएन भने न्यूनतम ५०% प्रतिशत अनिवार्य फछर्यौट गर्नै पर्ने गरी लक्ष्य तोकिएको छ ।

(५) करोड भन्दा बढी बेरुजु हुने कार्यालयको ६५% प्रतिशत भन्दा बढि बेरुजु फछर्यौट गरी तोकिए बमोजिम सुन्य वा न्यून बेरुजु अंक कायम गरेमा मात्र बेरुजु फछर्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढिमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ४,०००।- (चार हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढिलाई पुरस्करृत गर्नु परेमा रु. १२,०००।- को सिमा भित्र रहि दामासाहिले पनि दिन सकिनेछ ।

(६) करोड भन्दा कम बेरुजु हुने कार्यालयको ७०% प्रतिशत भन्दा बढि बेरुजु फछ्र्यौट गरी तोकिए बमोजिम सुन्य वा न्यून बेरुजु अंक कायम गरेमा मात्र बेरुजु फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढिमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ४,०००।- (चार हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढिलाई पुरस्करृत गर्नु परेमा रु. १२,०००।- को सिमा भित्र रहि दामासाहिले पनि दिन सकिनेछ ।

(७) तलब भत्ता र कार्यालय संचालनको लागि मात्र रकम खर्च गरिने कार्यालयको हकमा कुनै पुरस्कार दिइने छैन ।

(८) लेखापरीक्षणबाट ले.प. अंकको ४% प्रतिशत भन्दा बढी बेरुजु कायम गराउने र ५०% प्रतिशत भन्दा कम बेरुजु फछ्र्यौट गर्ने कार्यालय प्रमुख र लेखाप्रमुख वा सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरी कार्य सम्पादन मूल्यांकन गर्दा ध्यान दिइने व्यहोरा निर्देशन भएकोछ ।

(९) राजस्व संकल गर्ने कार्यालयहरुको हकमा राजस्वको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौटको काम गर्ने राजस्व तर्फको कर्मचारी, कार्यालय प्रमुख र लेखाप्रमुख संयुक्त रुपमा जिम्मेबार हुनेछन् ।

७. चालु बर्ष (आ.ब. २०७२/७३ को श्रेस्ता) लेखापरीक्षण हुँदा बेरुजु नै हुन नदिने कार्य गर सुन्य बेरुजु कायम गराउने कार्यालय प्रमुख र लेखाप्रमुखलाई रु. १,०००।- थप पुरस्कृत गरिनेछ । राजस्व कार्यालयको हकमा लेखाप्रमुखको सट्टा राजस्वको सम्बन्धित कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

८.

(१) अन्तरगतका विभाग तथा कार्यालयहरुलाई बेरुजु फछ्र्यौट सम्बन्धमा कारवाही गर्ने र पुरस्कृत गर्ने जिम्मा मन्त्रालयको हुनेछ ।

(२) बारम्बार आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरुजु फछ्र्यौट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको व्यवस्था अनुसार कारवाही गर्ने गराउने र त्यसको जानकारी बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

९. प्रत्येक बर्ष सबै मन्त्रालयहरुको बेरुजु, बेरुजु फछ्र्यौट, पेश्की, असूल, उपर भएको रकम आदीको बार्षिक विवरणको समिक्षा गरी बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समितिबाट पत्र पठाइने छ । उक्त पत्र प्राप्त भएपछि मात्र पुरस्कार प्रदान गर्नु पर्नेछ ।